<u>बैठक संख्या: १</u>

आज मिति २०८१।०४।०४ गतेका दिन शिवराज नगरपालिकाका नगर प्रमुख श्री अजय थापाज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| | |
|---|---|
| श्री अजय थापा | नगर प्रमुख |
| श्री शिव कुमारी चौधरी | नगर उप प्रमुख |
| श्री खिम विक्रम के.सी. | वडा अध्यक्ष |
| श्री राम बहादुर चौधरी | वडा अध्यक्ष |
| श्री टेकलाल सापकोटा | वडा अध्यक्ष |
| श्री नसिम अहमद खाँ | वडा अध्यक्ष |
| श्री नेत्र प्रसाद बेल्वासे | वडा अध्यक्ष |
| श्री माहेताव आलम खाँ | वडा अध्यक्ष |
| श्री अनुप कुमार चौधरी | वडा अध्यक्ष |
| श्री रिजवान अहमद | वडा अध्यक्ष |
| श्री राम गोपाल चौधरी (थारु) | वडा अध्यक्ष |
| श्री मन्जु मिश्र | वडा अध्यक्ष |
| श्री रमेश्वर प्रसाद वर्मा | वडा अध्यक्ष |
| श्री बुद्धिकला भण्डारी | सदस्य |
| श्री गंगा घर्ती मगर | सदस्य |
| श्री विष्णु कुँवर पाण्डे | सदस्य |
| श्री हेवान्चली चमार | सदस्य |
| श्री खगी सुनार | सदस्य |
| श्री सन्त कुमार धोवी | सदस्य |
| श्री प्रेम बहादुर सुनार | सदस्य |
| श्री सिमरन वि.क. | सदस्य |
| श्री बाबुराम पौडेल | सदस्य-सचिव |

Scanned with CamScanner

बैठक मिति :२०८१।०४।०४

<u>निर्णयहरु</u> :

१. आ.व.२०८०/८१ को आय व्यय सम्वन्धमा।

शिवराज नगरपालिकाको गत आर्थिक वर्ष २०८०/८१ (२०८० श्रावण १ गते देखि २०८१ आषाढ मसान्त सम्म) मा भएको देहायबमोजिमको आय व्यय अनुमोदन गरी सार्वजनिक गर्ने निर्णय गरियो।

<u>तपसिल</u> :-

| क्र. सं. | बजेट शिर्षक | जम्मा विनियोजित रकम रु. | जम्मा खर्च रकम रु. | खर्च प्रतिशत | | कै. |
|---|---|---|---|---|---|---|
| | | | | चालु | पूँजिगत | |
| १. | शिवराज नगरपालिका | ९५१,६११,००० | ७६६,१७४,९९० | ८४.८८ | ७०.३६ | |
| २. | सामाजिक सुरक्षा | २८,८१९,५००० | २८६,६४०,५८९ | ९९.४६ | ०.०० | |
| ३. | पर्यटन पूर्वाधार प्रवर्द्धन | १,८००,००० | १,७६३,६०५ | ०.०० | ९७.९८ | |
| ४. | महामारी रोग नियन्त्रण | १,३९९,००० | १,३०९,५७१ | ९३.६१ | ०.०० | |
| ५. | स्वास्थ्य क्षेत्र सुधार | २,९७२,००० | २,८६०,००० | ९६.२३ | ०.०० | |
| ६. | गरिवसँग विशेश्वर | ४१५,००० | ४१२,१९८ | ९९.३२ | ०.०० | |
| | जम्मा | १,२४६,३९२,००० | १,०५९,१६०,९५३ | ८९.३२ | ७०.५३ | |
| | | | औषत खर्च प्रतिशत | ८४.९८ | | |

२. विभिन्न कार्यविधि, निर्देशिका तथा रणनीति सम्वन्धमा।

विधेयक समितिबाट सिफारिस भई आएका देहायबमोजिमका कार्यविधि, निर्देशिका तथा रणनीति स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

<u>तपसिल</u> :-

- शिवराज नगरपालिकाको तिन पाङ्ग्रे सवारी साधन संचालन तथा नियमन सम्वन्धि कार्यविधि,२०८१
- विद्यालयमा वृती मार्ग-निर्देशन कार्यक्रम संचालन तथा व्यवस्थापन निर्देशिका,२०८१
- संस्था दर्ता तथा नवीकरण सम्वन्धि कार्यविधि,२०८१
- शिवराज नगरपालिकाको स्थानीय रोजगार रणनीति,२०८१
- रोजगार संवाद मञ्च (संचालन तथा व्यवस्थापन) कार्यविधि,२०८१
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा परिचालन) कार्यविधि,२०८१

निर्णय प्रमाणित
बाबुराम पौडेल
प्रमुख प्रशासकिय अधिकृत

अजय थापा
नगर प्रमुख

Scanned with CamScanner

बैठक मिति :२०८१।०४।०४

३. नगर शिक्षा योजना निर्माण र सो को लागि कार्यदल गठन सम्वन्धमा।

मिति २०८१/०४/०२ को नगर शिक्षा समिति बैठकको सिफारिस बमोजिम शिवराज नगरपालिकाको नगर शिक्षा योजना निर्माण गर्न देहायबमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो।

तपसिल :-

| | |
|---|---|
| श्री बाबुराम पौडेल, प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| श्री डिल्लीराज भट्टराई, अधिकृत छैठौं | सदस्य |
| श्री मुक्तिनाथ पोखेल, शिक्षक | सदस्य |
| श्री गिरी प्रसाद गैरे, नेपाल शिक्षक महासंघ | सदस्य |
| श्री नामदेव खनाल, शिक्षक | सदस्य |
| श्री दिनेश कुमार चौधरी, शिक्षा शाखा प्रमुख | सदस्य |
| श्री शरद अधिकारी | सदस्य |

४. विभिन्न ठेक्का बन्दोवस्त सम्वन्धमा।

गत आ.व.२०८०/८१ का निम्नानुसारका ठेक्का व्यवस्थापन सम्वन्धमा देहायबमोजिम गर्ने निर्णय गरियो।

- गत आर्थिक वर्ष २०८०/०८१ को संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम विशेष अनुदान अन्तर्गत जवई सिंचाई योजना (ठेक्का नं.SM/S/080/81-22) को ठेक्का बन्दोस्तीको लागि नगरपालिका र K.B. Infrastructure Development Pvt.Ltd. बिच मिति २०८०/१२/१८ मा भ्याट र पि.एस.सहित कुल जम्मा रकम रु.१,४५,६९,०३५.८८/- मा ठेक्का सम्झौता भई सम्पूर्ण कार्य सम्पन्न गर्न थपिएको अन्तिम म्याद २०८१/०३/१८ सम्म ठेकेदार कम्पनीले करिव ६६ प्रतिशत मात्र कार्य सम्पन्न गरी कन्टेन्जेन्सी बाहेक जम्मा रु.९६,२४,३४१/- रनिङ्ग भुक्तानी लिएको र बाँकी रकम संघीय सरकारलाई फिर्ता गरि सकिएकोमा उक्त आयोजना समयमै सम्पन्न गर्न नसकेमा आयोजना क्षेत्रका कृषकहरुलाई ठुलो क्षती पुग्ने देखिएको हुँदा उक्त आयोजना सम्पन्न गर्नको लागि संघीय सरकारसँग अनुरोध गर्ने तथा संघीय सरकारबाट रकम प्राप्त नभएमा आगामी नगरसभाबाट श्रोत सुनिश्चित गर्ने गरी उक्त योजनाको म्याद मिति २०८१ माघ मसान्त सम्म थप गरी आयोजना कार्यान्वयन गर्ने गराउने निर्णय गरियो।
- संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम सशर्त अनुदान अन्तर्गत गत आर्थिक वर्ष २०८०/८१ मा सिमरी सुवरबरहा बेलनदी झोलुङ्गे पुल निर्माणको लागि संघीय सरकारबाट रु.३५,००,०००/- बजेट विनियोजन भएकोमा सो रकम मध्ये झोलुङ्गे पुलको फाउण्डेसन निर्माण कार्य वापत उपभोक्ता समितिलाई रु.१७,९८,९३०/- र झोलुङ्गे पुलको पार्ट्स खरिद वापत आपूर्तीकर्तालाई रु.१७,००,०००/- भुक्तानी दिईएको, नगरपालिकाको म्याचिङ्ग तर्फको रकमबाट सामाग्री आपूर्तीकर्तालाई रु.३,११,०००/- तथा पुलको ड्रईङ्ग डिजाईन निर्माण कार्य वापत लिडो नेपाललाई रु.१,४३,९८७/- भुक्तानी गरिएकोमा झोलुङ्गे पुलको सामाग्री खरिद वापत एग्रो ईन्जिनियरिङ्ग वर्क्स प्रा.ली.लाई रु.४,९१,६१६/- भुक्तानी दिन बाँकी रहेकोले उक्त रकम आगामी नगरसभाबाट श्रोत सुनिश्चित गरी चालु आर्थिक वर्ष २०८१/८२ मा भुक्तानी दिने निर्णय गरियो।

निर्णय प्रमाणित
बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख

Scanned with CamScanner

बैठक मिति :२०८१।०४।०४

५. सडक बोर्ड नेपाल अन्तर्गत कार्य सम्पन्न ठेक्काको रकम भुक्तानी सम्वन्धमा।

गत आर्थिक वर्ष २०८०/८१ को सडकबोर्ड नेपाल अन्तर्गत समपूरक म्याचिङ्ग योजना (ठेक्का नं.SM/RD/080/81-32) को ठेक्का बन्दोवस्तीको लागि नगरपालिका र प्रिज्मा एण्ड प्रासी कन्सट्रक्सन प्रा.ली. बिच मिति २०८१।०२।०२ मा भ्याट र पि.एस.सहित कुल जम्मा रकम रु.८२,३८,९९८.४०/- मा ठेक्का सम्झौता भई सम्झौताको अन्तिम म्याद २०८१।०३।१८ भित्र ठेकेदार कम्पनीले सम्पूर्ण निर्माण कार्य सम्पन्न गरी नगरपालिकाको म्याचिङ्ग तर्फको ३० प्रतिशत रकम रु.२४,७१,५९८/- गत आर्थिक वर्षमा नै भुक्तानी गरी सकिएको तर सडकबोर्ड नेपालबाट प्राप्त हुने ७० प्रतिशत बराबरको रकम आर्थिक वर्षको अन्तमा भुक्तानी प्रणाली बन्द भईसके पश्चात मात्रै प्राप्त हुन आएकोले सम्वन्धित ठेकेदार कम्पनीलाई भुक्तानी दिन बाँकी रहेको रकम रु.५७,६७,०६५/- चालु आर्थिक वर्ष २०८१/८२ मा भुक्तानी दिने निर्णय गरियो।

६. करार कर्मचारी व्यवस्थापन सम्वन्धमा।

यस नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) अनुसार गत विगत वर्षहरुदेखि नै करार सेवामा कार्यरत कर्मचारी तथा नगरमा संचालित विभिन्न कार्यक्रम तथा परियोजना अन्तर्गत करार सेवामा कार्यरत कर्मचारीहरुको करार व्यवस्थापन सम्वन्धमा देहायबमोजिम गर्ने निर्णय गरियो।

- नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) अनुसार नगर कार्यपालिकाको कार्यालय तथा मातहतका वडा कार्यालय, अस्पताल, स्वास्थ्य संस्था र प्रसुती केन्द्र, नगर प्रहरी सेवा लगायतमा गत विगत वर्षहरु देखि नै करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यबोझ तथा कार्यसम्पादन मूल्याङ्कनको आधारमा मिति २०८१ पौष मसान्त सम्म करार नविकरण गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी प्रदान गर्ने।
- मेडपा कार्यक्रम अन्तर्गत कार्यरत २(दुई) जना उद्यम विकास सहजकर्ताको ३ महिनाको मात्रै तलव भत्ता वापतको रकम प्राप्त हुने सुनिश्चित भएकोले निजहरुको करार म्याद मिति २०८१ असोज मसान्त सम्मको लागि नविकरण गर्ने।
- सामी परियोजना अन्तर्गत कार्यरत ३(तिन) जना रिटर्नी स्वयम्सेवकको तलव भत्ता वापतको रकम संघीय सरकारबाट प्राप्त हुने नदेखिएता पनि नगरक्षेत्र भित्रका अधिकांश युवा बैदेशिक रोजगारीको लागि विदेशमा रहेका र धेरै युवाहरु बैदेशिक रोजगारीमा जान तयारी अवस्थामा भएकाले निजहरुलाई सुरक्षित बैदेशिक रोजगारी सम्वन्धि सूचना प्रवाह गर्ने जस्तो महत्वपूर्ण कार्य गर्नु पर्ने भएकोले नगरपालिकाको आन्तरिक श्रोतबाट तलब भत्ता भुक्तान हुने गरी निजहरुको करार मिति २०८१ पौष मसान्त सम्मको लागि नविकरण गर्ने।
- अन्य विभिन्न कार्यक्रम तथा परियोजना अन्तर्गतका कर्मचारीहरुको परियोजना मार्फत तलव भत्ता शिर्षकमा प्राप्त हुने रकम तथा परियोजनाले तोकेको शर्त बमोजिम दायित्व बेहोर्ने गरी करार नविकरण गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी प्रदान गर्ने।

निर्णय प्रमाणित
बाबुराम पौडेल
प्रमुख प्रशासकिय अधिकृत

अजय थापा
नगर प्रमुख

Scanned with CamScanner

बैठक मिति :२०८१।०४।०४

७. खर्च समायोजन सम्वन्धमा ।

UNICEF मार्फत यस नगरपालिकामा संचालित विपद् जोखिम न्युनिकरण कार्यक्रम (DDR) र बालमैत्री स्थानीय शासन (CFLG) कार्यक्रम हेर्ने कार्यक्रम अधिकृत बिजय अधिकारीको बार्षिक पारिश्रमिक सुविधा वापतको सम्पूर्ण रकम उपलब्ध नभएकोले निजको ५ (पाँच) महिनाको पारिश्रमिक सुविधा वापतको रकम रु.२,७८,८७५/- सोही कार्यक्रम/परियोजनाको विविध खर्च शिर्षकबाट भुक्तानी भुक्तानी गरिएकोले भुक्तानी भएको रकम UNICEF क्षेत्रीय कार्यालय भैरहवा मार्फत प्राप्त भएमा सोहीबाट र नभएमा कार्यालयको निर्णयानुसार खर्च समायोजन गर्ने निर्णय गरियो।

८. गत आर्थिक वर्षको भुक्तानी बाँकी सम्वन्धमा।

नगरपालिकाको नाममा दर्ता विभिन्न सवारी साधन मर्मत गर्दा गत आर्थिक वर्ष २०८०/८१ मा भएको खर्च वापतको निम्नानुसारका फर्म/सप्लायर्सलाई भुक्तानी दिनुपर्ने देहायबमोजिमको रकम भुक्तानी बाँकी रहेकोले उक्त रकम चालु आर्थिक वर्ष २०८१/८२ मा सवारी साधन मर्मत खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

<u>तपसिल</u> :-

१. न्यौपाने ट्रेडर्स (मोटरसाईकल मर्मत वापत) - रु.५०,४८०/-

२. बुद्धभूमी मोटर्स प्रा.ली. (मोटरसाईकल मर्मत वापत) - रु.१,३३,९०२/-

३. प्रतिक्षा अटो ग्यारेज (चार पाङ्ग्रे सवारी साधन मर्मत वापत) - रु.१,८८,५२५/-

निर्णय प्रमाणित

बाबुराम पौडेल
प्रमुख प्रशासकिय अधिकृत

अजय थापा
नगर प्रमुख